# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३ | मितिः २०८३/०२/०४
सू. नं. 39 | ने.सं. ११४६,सोमबार

### समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

यस माङसेबुङ गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थाहरुको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपशीलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। माङसेबुङ गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साइजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको सक्कलै प्रति तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथै त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पत्र दिने मितिभित्र माङसेबुङ गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल :

**१. विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | ५/२०८२-०८३ | समुदायमा आधारित पुनःस्थापना (सिबिआर) सहजकर्ता | खुला | १ |

**२. सेवाको किसिमः** करार सेवा

**३. आवश्यक न्यूनतम योग्यता र अनुभव**

(क) नेपाली नागरिक,
(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
(ग) पुरुषको हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको,

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायीक र सिर्जनशील प्रशासनःविकास, समृद्धि र सुशासन"
Email: mangsebung.ruralmun@gmail.com
Website: mansebungmun.gov.np

(घ) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दा उक्त उल्लेखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरु मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पूरा गरी सहजकर्ता छनोट गर्न बाधा पर्नेछैन,

(ङ) नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

(च) नियमित रुपमा अपाङ्गता भएका व्यक्तिहरुको घरमै गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

(छ) कम्प्युटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

**४. तलब, सुविधा तथा अन्य सेवा शर्त:** माङसेबुङ गाउँपालिका बाट तोकिए बमोजिम।

**६. उम्मेदवारको छनोट विधि:** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

**७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने पर्ने स्थान :** माङसेबुङ गाउँपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी माङसेबुङ गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

**८. परीक्षा दस्तुर:** रु ५०० ।

**९. परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** **https://sutrarevenue.fcgo.gov.np/web/#/login** गरी आवश्यक विवरण भरी वा गाउँपालिका(वित्तीय संस्था/पालिकाको राजस्व फाँट) मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारामसाथ पेश गर्नु पर्ने छ।

**१०. दरखास्त फाराम भर्ने मिति:** मिति २०८३/०२/०५ देखि २०८३/०२/१९ सम्म।

**११. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** यस माङसेबुङ गाउँपालिकाको सूचनापाटीमा टाँस गरिने छ।

**१२. पाठ्यक्रम:** दरखास्त फारामसँगै प्राप्त गर्न सकिने।

**१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।**

**१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार माङसेबुङ गाउँपालिकालाई हुनेछ।**

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

# माङ्सेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
सू. नं. 39

मितिः २०८३/०२/०४
ने.सं. ११४६,सोमबार

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा माङसेबुङ गाउँपालिकाको कार्यालयको टेलिफोन नं ९८५११६६४९६ मा सम्पर्क गरी बुझ्न सकिने छ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत